# चम्पादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कालिका, ओखलढुंगा
## कोशी प्रदेश, नेपाल

# विद्युतिय बोलपत्र (e-Bids) आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०४/२८**

चम्पादेवी गाउँपालिका अन्तर्गत ज्ञानप्रकाश मा.वि. घोराखोरीको लागि तपसिलमा उल्लेखित कार्य विधुतिय बोलपत्रको प्रक्रियाबाट खरिद गर्नुपर्ने भएको हुँदा सो कार्यको लागि विधुतिय बोलपत्र पेश गर्न योग्य, इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीबाट निम्न लिखित शर्तको अधिनमा रहि रीतपूर्वक विधुतिय बोलपत्र आह्वान गरिएको छ । बोलपत्र फारम तथा अन्य जानकारीका लागि www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेभसाइट www.champadevimun.gov.np मा हेर्न सकिनेछ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (भ्याट तथा कन्टेन्जेन्सी बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|
| १ | CDRM/OKH/WORKS/NCB/01/2081/082 | Construction of Gyan Prakash Ma.Bi. Class Room Building Block-3-C-12 | रू. १,७०,०८,४८५।९३ | रू. ४,२०,०००।०० |

**शर्तहरु**

१. बोलपत्र फारम दस्तुर यस कार्यालयको कृषि विकास बैंक लि., चम्पादेवी घोराखोरी शाखामा रहेको आन्तरिक राजस्व खाता नं. Ga-1-1 (1125701782616052) मा रु ३,०००।०० (तीन हजार मात्र) जम्मा गरी सो को भौचर Scan कपी विद्युतिय बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ ।

२. बोलपत्र फारम साथ धरौटी बापतको रकम यस कार्यालयको कृषि विकास बैंक लि., चम्पादेवी घोराखोरी शाखामा रहेको धरौटी खाता नं. Ga-3-1(1125701782616044) मा जम्मा गरेको अर्धकट्टीको सक्कल भौचर वा राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट ठेक्का नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानत पेश गर्नुपर्ने छ । बोलपत्र मान्य हुने अवधी बोलपत्र खोल्न तय भएको मितिबाट कम्तिमा ९० (नब्बे) दिनको हुनु पर्नेछ र बोलपत्र जमानतको मान्य अवधी बोलपत्र मान्यहुने अवधि भन्दा कम्तिमा ३० (तीस) दिन बढि (बोलपत्र खोल्न तय भएको मितिबाट कम्तीमा १२० दिन) हुनु पर्नेछ ।

३. पूर्व बोलपत्र बैठक मिति २०८१/०५/०९ गते दिनको १२:०० बजे बस्नेछ ।

४. बोलपत्र फारम, सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिन (२०८१/०५/२६) को १२:०० बजेसम्म अनिवार्य अनलाईन प्रणालीमा पेश गरी सक्नु पर्नेछ । सोही दिन (२०८१/०५/२६) को १४:०० बजे कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाताको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।

५. बोलपत्र पेश गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानी सो कार्यहरु गरिनेछ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिनेछ ।

६. बोलपत्र स्वीकृत भएको जानकारी पाएर पनि तोकिएको समयावधीमा सम्झौता गर्न नआएमा उक्त बोलपत्र रद्द गरी निजले राखेको धारौटी जफत गरी नजिकको दोस्रो बोलपत्र स्वीकृत गरी सम्झौता गरिनेछ ।

७. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

८. यस सूचनमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

साथै बोलपत्र सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यलय समयभित्र सम्पर्क राखी वा फोन नं ९८५२८४४४८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**